# स्थानिय अधिकार कार्यक्रम ( Local Rights Program)

## एक्सन एड इन्टरनेष्नल नेपाल (AAN)

## मध्यपश्चिमाञ्चल श्रोत केन्द्र, नेपालगञ्ज, बांके

## November महिनाको मासिक प्रगती प्रतिबेदन २०१७

## समाजमा बातारिणीय शिक्षाको बिकास (सीड) तुलसीपुर दाङ्ग

## १.) कार्यक्षेत्रको बर्तमान राजनितिक, सामाजिक तथा आर्थिक र उद्देश्यगत परिबेश:

# राजनैतिक परिवेश

संस्थाको कार्यक्षेत्र भित्र राजनैतिक परिवेशलाई हेर्दा केन्द्रिय प्रभाव नेपाली काँग्रेस भएता पनि स्थानिय चुनावले ने.क.पा.(एमाले) नै प्रमख पार्टिको रुपमा स्थापित भएको छ । तर प्रतिस्पर्धा भने सवै पार्टिको थियो । चुनावमा जातिय गत हिसाबले दलित,जनजाती लगाएतको महिलाहरुको प्रतिनिधित्व भई जित पनि हासिल गरी सकेको अबस्था छ । संस्थाकै समुहका महिलाहरु विजय हासिल गरी आफ्नो र समाजको लागि विकासे आवाज उठाई रहेका छन् । विजय हासिल गरेका जन प्रतिनिधीहरु सरकारको निति अनुसार विकासका कार्यहरु अगाडी बढाई रहेकाछन् । राजनिती मात्र होईन स्थानिय गाविस,स्वास्थ्य चौकी,सामुदायिक वन तथा अन्य उपभोक्ता समुहमा महिलाहरुको प्रतिनिधित्व भई पदिय जिम्मेवारी निभाई रहेकाछन् । केन्द्रिय स्तरको प्रदेश स्तरिय चुनावको चहलपहल भई रहँदा लक्षित समुहका महिलाहरु त्यसको बारेमा के हो भन्ने कुराहरु जिज्ञाशु भएर सोध्ने गरेका छन् । पितृ सत्ताकै आडमा बसेका महिलाहरु आफ्नो घरको व्यबस्थापनमा नेतृत्व भुमिका निर्वाह गरिरहेकाछन् । स्थानिय उप महानगर पालिकाले Green Tulsipur Cleen Tulsipur भनेर सरसफाई अभियान चलाई रहँदा त्यसको सकारात्मक प्रभाव सामान्य गाउँको टोल टोलमा पर्ने देखिन्छ ।

# शैक्षिक परिवेश

चाड पर्बको उत्सवलाई मध्य नजर गरी संस्थागत तथा निजी विद्यालयहरु बन्द भएका छन् । सरकारी विद्यालय करिब १ महिनाको लागि बन्द भएपनि निजी विद्यालयहरु करिब २ हप्ता सम्मको लागि बन्द भएका छन् । सरकारी विद्यालयहरुमा विद्यार्थी न्युन भई रहेकाछन् । सम्बन्धित विद्यालयका शिक्षक तथा वि.व्य.स.पदाधिकारीहरु निजी विद्यालय खुल्नाले घटेको भनाई छ तर सरसर्ती हेर्दा सरकारी काम कहिले जाला घाम विद्यालयका कर्मचारी र लामो समय सम्मको सार्बजनिक बिदाकै कारण पनि हो भन्ने कुरा केहिँ अभिभावकहरुको मुख बाट सुन्न पाईन्छ । तर तुलनात्मक रुपमा विद्यार्थीहरुको गुणस्तर हेर्ने हो भने निजी विद्यालय भन्दा सरकारी विद्यालयमा बढी भएको पाईन्छ । पारिवारिक रुपमा छोरा छोरीमा हेर्ने दृष्तिकोण शिक्षा तिर पहिलेको अनुपातमा समान भएको पाईन्छ । लक्ष्ति बर्गका छोरा छोरी सानोमा शिक्षा तिर आकर्षित भएपनि कक्षाको स्तर बद्दै जाँडा कामको भार र उमेरको बृद्धि संगै बरालिने सम्भावना बढी भएको देखिन्छ । जसले गर्दा बाल विवाहको मुखमा पर्ने सम्भावना बढी देखिन्छ । यस बर्षको भर्ना अभियान बैसाख २ देखि शुरुवात भई सामुदायिक तथा निजी विद्यालयहरुमा पठन पाठन शुरुबात भईरहेको अबस्था छ । कार्यक्षेत्र भित्रको विद्यालयहरुमा गतसालको अनुपातमा सन्तोष जनक रहेको सम्बन्धित विद्यालयका प्रधाना ध्यापकहरु बताउनु हुन्छ ।

## आर्थिक परिवेश

यस दांग जिल्लामा  जिल्ला स्तरिय  ज्याला निर्धारण समिती  भएता पनि खास्सै त्यसको प्रभाव नपरेको देखिन्छ  । मुख्य आयश्रोत नै कृषि भएता पनि बैदेशिक रोजगारीको व्यापक चहलपहल र घडेरी प्लानिङ्गले गर्दा खेती यौग्य जमिन बाँझै हुने र विकल्पकै रुपमा ज्याला मज्दुरी संगै स सानो जमिनमा तरकारी खेतीमा  आश्रित  भई दिन चर्या निर्वाह गरिरहेको  देखिन्छ । कार्य क्षेत्रका समुदायहरु मकै बाली भित्रयाई हिउँदे बाली तोरी तथा चना केराउ र मसुरो छर्ने क्रम जारी छ भने व्यबसायिक कृषकहरु पनि तरकारी खेतीमै व्यस्त भएको पाईन्छ । मुख्य रुपमा रहेको  धान बाली  अब केहिँ हप्ता पछाडी भित्रयाउने  तयारी मा  छन् किसानहरु आजभोली  दिन दिनै बादल आएको देख्दा पानी संगै असिना पर्ने होकी भन्ने डरमा किसानहरु देखिन्छन्   । यस कार्यक्षेत्र भित्रका समुदायहरुको मुख्य आर्थिक श्रोत या पेशा कृषि हो तर बेरोजगारी कै कारण बैदेशिक रोजगारलाई पनि आर्थिक श्रोतको मुख्य रुपनै मानेकाछन् । तर बाँकी समयमा किसानहरु आफ्नो सिप अनुसार ज्याला मजदुरी गरी आय-आर्जन गरिरहेका छन्  भने महिलाहरु आफुले उत्पादन गरेका बन्दगोभी, काउली, साग, धनिया, लसुन, प्याज, आलु , टमाटर बजारमा बेच्ने गरेकाछन् ।

## २.) बार्षिक कार्यक्रमतालिकाअनुसार यस महिनामा सम्पन्न कार्यक्रमहरुको संख्यात्मक उपलब्धीहरु:

| क.सं. | क्रियाकलाप | पटक | स्थान | मिति | दलित | | अति सिमान्तकृत | | अन्य गरिब | | बालबालिका | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | म | पु | म | पु | बालक | बालिका | |
| १ | तरकारी  बजार ब्यबस्थापन कार्यक्रम | | उरहरीको मोतिपुर गाउ | २०७४/०७/२५ | - | - | ११ | ४ | - | - | - | - | १५ |
| २ | अधिकारमुखि पद्धति तालिम | १ | तुलसीपुरउपमहानगर पालिका सेवासत्कार लज | २०७४/०७/२६ देखि २९ गते | - | - | १२ | ८ | - | - | - | - | २० |
| ३ | मौषमी तथा बेमौषमी तरकारी खेति तालिम। | १ | मा.वि. उरहरीको श्रोत केन्द्र हल | २०७४ /०८/०८ देखि ११ गते | - | - | २८ | ८ | - | - | - | - | ३६ |
| ४ | टनेल ब्यवस्थापन कार्यकम | १ | तु.उ.म.नगरपालिका ११ मोतिपुर | २०७४/०८/१८ गते | - | - | ११ | ४ | - | - | - | - | १५ |

### ३. सम्मपन्न क्रियाकलाप:

### १.२.१) तरकारी  बजार ब्यबस्थापन कार्यक्रम।

यस  सीड संस्था र एक्सन एड नेपालको संयुक्त साझेदारीमा स्थानिय महिला  अधिकार कार्यक्रम अन्तरगत नमुना कृषि तरकारी खेतिको लागि मिति २०७४ साल ०५ महिना २८ गते अर्थात अक्टुवर १५ तारिका  दिन तरकारी बजार व्यबस्थापन कार्यक्रम तुलसीपुर उपमहानगरपालिका ११ स्थित मोतीपुरमा सम्पन्न भयो। किसानहरुको आर्थिक अबस्थामा सुधार ल्याउने उद्येश्यले संचालन भएको कार्यक्रममा कृषि सेवा केन्द्र,बजार व्यबस्थापन समितीका अध्यक्ष तथा कृषक गरी जम्मा १५ जनाको सहभागिता रहेको थियो।  उपस्थित कृषि सेवाका पदाधिकारी र तरकारी व्यबस्थापन समितीका अध्यक्ष बाट कृषकहरुले उत्पादन गरेको तरकारी व्यबस्थापनमा सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। साथै यसको प्रचार प्रशार अन्य ठाउँमा बढाउँदा प्रभावकारी हुने बताउनु भएको थियो। साथै तरकारी

व्यबस्थापनको लागि दशै पर्वको लगत्तै बैठक बस्यो । उक्त बैठकमा मोतिपुर किसानहरुले उत्पादन गरेको तरकारी तुलसीपुर तरकारी मार्केटले खरिद गर्ने भएको छ । अझ तरकारी उत्पादनमा बृद्धि ल्याउनको लागि थप ४ वटा टनेल सीड संस्थाले उपलव्ध गराई सकेको छ । अबका दिनमा मोति नमुना कृषक समुहलाई तरकारी डोकामा बोकेर बजार ल्याउन पर्थो त्यो समश्याको सुधार हुने देखिएको छ ।

**प्रकृयाहरु**

- जिल्ला कृषि सेवा कार्यालय संग समन्वय ।
- तरकारी बजार व्यबस्थापन समिती संग समन्वय गरेर ।
- नमुना तरकारी खेती समुहका सदस्य संग समन्वय गरेर ।
- स्थानिय जन प्रतिनिधिहरु संग समन्वय गरेर ।
- तरकारी मार्केट संग समन्वय गरेर ।

### १.३.२) अधिकारमुखि पद्धति तालिम

सिड(SEED), दांग र स्वान (SWAN) दांगको सयूक्त आयोजना तथा आई.एम नेपाल र एक्सन एड नेपालको आर्थिक सयोगमा ४ दिने अधिकारमूखि अवधारणा तालिम सम्पन्न भयो । तालिममा सिड र स्वानका कार्यसमिति पदाधिकारी र कर्मचारी गरी २९(मः १८ पुः ११ )को उपस्थिति रहेको थियो । तालिम एकान्त होटल, तुल्सिपुरमा नोभेम्वर १२ देखि १५, २०१७ मा सम्पन्न भयो । तालिमको उद्घाटन सत्र सिड्का अध्यक्ष भागीराम चौधरीको सभापतित्व र तुल्सिपुर उपमहानगरपालिका वडा नं. ६ का अध्यक्ष नवराज लामिछानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । यसरी नै तालिमको समापन १५ नोभेम्वर २०१७ का दिन तुल्सिपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । तालिममा उपस्थित सहभागिहरुलाई पाण्डेले सहभागिताको प्रमाणपत्र बितरण गर्नु भएको थियो । समापन सत्रमा बोल्दै पाण्डेले भन्नुभयो, “सिमान्तकृत समुदायको मानवअधिकार संरक्षणका लागि अवको आवश्यक्ता अधिकारमूखि कार्य नै हो ।” उक्त तालिममा फिल्डमा आई परेका समस्याहरु सुल्झाउनका लागि र कर्मचारीहरु र सदस्यहरुका क्षमता अभिबृद्धि गर्ने उद्देश्यले बिकासका पदद्धि, बिकास कहाबाट शुरु हुन्छ, परिवेश बिश्लेषण, गरिवीको बुझाई,गरिवीका आयामहरु,शक्ति बिश्लेषण,समावेशीकरण(समता, समानता र बहिष्करण),बिकासको कम (दान, …………साझेदारी, मानवअधिकार),चाहना, आवश्यक्ता र अधिकार ? अधिकार र बिकास बीचको सम्वन्ध, अधिकारमूखी पद्धतीका मूल्य,मान्यता, बिश्लेषण, अधिकारमूखि कार्य तरिका तथा शैली, सिद्धान्त आदी, शिक्षा ऐनको ९औं संशोधन र शिक्षाका दश अधिकार , सहभागितामूलक ग्रामिण लेखाजोखा बीधि तथा औजारहरु पैरवी तथा अभियान, सामाजिक नक्सा

(Social Map) ,स्रोत नक्सा (Resource Map), धरातलीय हिँडाइ (Transect Walk), गतिशीलता नक्सा (Mobility Map), जोडी तुलना वा जोडी स्तरीकरण (Pair Ranking), मौसमी पात्रो (Seasonal Calendar), रोटी चित्र (Venn Diagram), समय-रेखा (Time Line) , बृक्ष विश्लेषण वा समस्या वृक्ष (Tree Analysis/ Problem Tree ) , लक्षित समूह छलफल (Focus Group Discussion) , प्रवाह विश्लेषण (Trend Analysis) , दैनिक कार्यविभाजन तालिका (Daily Schedule) , चाहना स्तरीकरण (Preference Ranking), सम्पन्नता स्तरीकरण (Well Being Ranking) , अन्तर्वार्ता (Interview) , घटना अध्ययन (Case Study), नाटक विधि ( Role Play) र चित्र विधि सहभागीहरुलाई प्रशिक्षक मान बहादुर डागीले स्पष्ट पार्नु भएको थियो ।

## बिधि तथा प्रकृयाहरु

- अपेक्षा संकलन ।
- मस्तिष्क मन्थन ।
- समुह कार्य तथा प्रस्तुतिकरण ।
- पावरप्वाईन्ट प्रस्तुति ।
- प्रश्नोत्तर ।
- मनोरञ्जन ।

## १.३.३) मौषमी तथा बेमौषमी तरकारी खेति तालिम ।

सीड संस्था र एक्सन एड नेपालको संयुक्त साझेदारी स्थानिय महिला अधिकार कार्यक्रम अन्तरगत अगुवा किसानहरुको तरकारी खेति तालिम मिति २०७४ साल ८ महिना ८ गते देखि ११ गते उरहरीको श्रोत केन्द्रमा सीड संस्थाका अध्यक्ष श्री भागीराम चौधरी अध्यक्षता सम्पन्न कार्यक्रममा प्रमुख अतिथि श्री धनराज गौतम हुनु हुन्थ्यो । उक्त कार्यक्रममा अगुवा किसानहरुले ब्यबसायिक हिसाबले खेति गर्न तत्पर बनाउन र उनीहरुको आर्थिक, सामाजिक र शैक्षिक अबस्थामा सुधार ल्याउन उद्देश्यले बेमौषमी तकिारीका जातहरु, प्लाष्टिक घरमा तरकारी खेतिको उन्नत प्रबिधि, लहरे तरकारी खेतिको उन्नत प्रबिध, गोलभेडा, काउली, बन्डगोभीको उन्नत प्रबिधि, प्याज खेतिको उन्नत प्रबिधि, कम्पोष्ट मल, झोल मल बनाउने तरीका र त्यसको प्रयोग गर्ने तरीकाको उन्नत प्रबिधि, भिन्डी, कोशेबालीको एन्नत प्रबिधि, तरकारी नर्सरी बनाउने तरीकाको उननत प्रबिधि, तरकारी बालिमा खाद्यतत्वको महत्व कमीका लक्षण र ब्यबस्थापन, तरकारी बालिको बिमा ब्यबस्थापन, एकीकृत शत्रुजीव ब्यबस्थापन, तरकारी बालिमा किरा पहिचान तथा ब्यबस्थापन, तरकारी बालिमा रोग पहिचान तथा ब्यबस्थापन र घरेलु तथा बानस्पातिक तरीकाबाट रोग किरा ब्यबस्थापने जैविक बिषादी कसरी बनाउने, बिउका जातहरु के के हुन, रोग लाग्दा कुन औषधी प्रयोग गर्ने प्रशिक्षक जिल्ला कृषि बिकासका कृषि सञ्चार अधिकृत श्री भरतमणी पोखेल र उप सेवा केन्द्रका बागबाणी अधिकृत श्री धनराज गौतमले तालिमको बारेमा स्पष्ट पार्नु भएको थियो । यो तालिममा महिला २८ जना र पुरुष ८ जना गरी जम्मा ३६ जनाको सहभागिता रहेको थियो ।

### १.१.२) टनेल ब्यबस्थापन कार्यक्रम

समाजमा बातावरणीय शिक्षाको बिकास (सीड) संस्था र एक्सन एड नेपालको संयुक्त साझेदारी स्थानिय अधिकार कार्यक्रम अन्तरगत तरकारी खेतिबाट मोतिपुरका मोति किसान समुहका जीवन स्तर माथि उठाउने उद्देश्यले टनेलको ब्यबस्था गरि दिएकोछ । उक्त कार्यक्रम अन्तरगत गरिव किसान समुहलाई ४ वटा थोपा सिंचाई टनेलको ब्यबस्था गरिदिएको छ । उक्त टनेलबाट किसानहरुले टमाटरको खेति गरेर आम्दानी बढाएका छन । यसबाट किसानहरुले टमाटरका खेति गर्नुका साथै बिरुवालाई घाम पानीबाट बचाउने छन ।

## उपलब्धिहरु

- नमुना तरकारी खेती समुहका सदस्य र कृषि सेवा केन्द्र तथा तरकारी बजार व्यबस्थापन समितीका सदस्य विच  सम्बन्ध सुमधुर भएको ।
- कृषि सेवा केन्द्र बाट कृषकहरुको लागि हुने सेवा सुविधाको बारेमा जानकारी भएको ।
- मोतिपुर तरकारी नमुना समुह र तरकारी समिति संग छलफल भै  समन्वयको पाटो बलियो भएको छ ।
- नमुना तरकारी खेतिका किसान जिउधन चौधरी, ललित चौधरी, जुगराम चौधरी, मिलमाया चौधरील, धाविर चौधरीले तरकारी गाभी, आलु, टमाटर र बन्द गोभि बेचेर महिनामा पर ब्यक्ति रु. १००००। कमाने गरेका छन ।
- थोरै जग्गामा व्यबसायिक तरकारी खेती गर्न सक्ने भएका छन्  ।
- आर्थिक अबस्थामा सुधार हुने भएको छ ।
- थोपा सिचाई बाट समयको बचत हुने भएको छ ।  आदी
- टनेलले टमाटर खेतिलाई सहयोग पुऱ्याउने काम गरेको छ ।

**४) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन कार्यक्रमहरु, कार्यक्रम सँग सम्बन्धीत फोटो, समाचारहरु तथा परिवर्तनका कथा** (Story of Change



काउली गोभि खेति



टमाटर र काउली गोभि खेति



टमाटर खेति



आलु , भाजी साग खेति




अधिकार मुखि पद्धति तालिममा सकृय सहभागिता



अधिकार मुखि पद्धति तालिम




प्रशिक्षकले अधिकार मुखि तालिम दिन थालेका



अधिकार मुखि पदद्धि तालिममा समुहमा छलफल गर्न लागेको




अधिकार मुखि पदद्धि तालिमको ग्रुप फोटो

**५) मूख्य समस्या तथा चुनौतीहरु :**

**६) बजेटको उपयोगिता:**

(जम्मा रु.। । मा हालको खर्च रु. । )

## ७) यस महिनामा सम्पन्न गर्न नसकिएका कार्यक्रमहरु र त्यसको कारण :

- ✓ तरकारीको बिउ उत्पादन तथा तरकारी संकलन घर निर्माण कार्य । ( कारण घर बनाउने साझा जग्गा नभएकोले )
- ✓ भुमि सम्बन्धि संयुक्त लालपुर्जा र अन्तिम क्वाटरमा पुरस्कार बितरण कार्यक्रम । (कारण संस्थाको साधारण सभामा सबै क्षेत्रका धेरै मानिस भएको समयमा यो कार्यक्रम सबैलाई जानकारी हुने गरी गर्ने भएकोले)

## ८) अन्य सरोकारवाला संघ-संस्थाको कार्यक्रममा सहभागिता

| क्र.सं. | मिति | कार्यक्रमको नाम | आयोजक | सहभागि |
|---|---|---|---|---|
| | | | | |

## ९) आगामि महिनाका लागि योजना गरीएका क्रियाकलाप : (कृयाकलापहरुको शिर्षक लेख्ने)

- नमुना कृषि खेति बिकास र बजार ब्यबस्थापन कार्यक्रम ।
- तरकारीको बिउ उत्पादन तथा तरकारी संकलन घर तयार गर्ने ।
- भुमि सम्बन्धि संयुक्त लालपुर्जा र अन्तिम क्वाटरमा पुरस्कार बितरण कार्यक्रम ।
- बोर्ड द्वारा कार्यक्रमको अनुगमन ।
- सामाजिक लेखा परिक्षण ।
- प्रतिबेदन, कार्ययोजना, टाइम सिट तयारी ।

| तयार गर्ने....... | सिफारिस गर्ने....... | प्रमाणित गर्ने...... |
|---|---|---|
| गद्दुलाल चौधरी | श्यानी चौधरी | भागीराम चौधरी |
| कार्यक्रम संयोजक | पदः ED | पदः अध्यक्ष |